नेपाल सरकार

# युवा, श्रम तथा रोजगार मन्त्रालय

## सीप तथा रोजगार मेला, २०८३ सम्बन्धी
## "दैनिक कार्यको जानकारी"

नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालयद्वारा "सीप र रोजगारी: साझा जिम्मेवारी" मूल नाराका साथ २०८३ असोज १४ गतेदेखि २० गतेसम्म कोशी प्रदेशको इटहरीमा आयोजना गरिएको सीप तथा रोजगार मेला भव्य रुपमा सञ्चालन भइरहेको व्यहोरा सहर्ष जानकारी गराउँदै आज मिति २०८३ असोज १६ गते तेस्रो दिन भएको "दैनिक कार्यको जानकारी" देहायबमोजिम रहेको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ।

- **Panel Discussion:**
  - आन्तरिक रोजगारी र उद्यमशीलता प्रवर्धनमा वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान र पुँजीको उपयोग विषयक नीतिगत संवाद करिब ३०० जना सहभागीहरुको उपस्थितिमा उत्साहित रूपमा सम्पन्न भएको।
- **Motivational Session-Career Udaan:**
  - करियर उडान संवाद शृङ्खलाको भाग ३ मा नेपाल सरकारका सहसचिव हेमराज तामाङज्यूबाट "राष्ट्र सेवामा युवा, राष्ट्र निर्माणमा युवा" विषयक प्रेरणात्मक संवाद र अन्तरक्रियामार्फत उपस्थित हुनुभएका सम्पूर्ण सहभागीहरूमा "युवा राष्ट्र निर्माणको प्रमुख आधार हो, राष्ट्रसेवामा युवा समर्पित भएमात्र विकासले स्थायित्व प्राप्त गर्न सक्छ" भन्ने सन्देशसहित कार्यक्रम सम्पन्न भएको ।
- **Job Matching:**
  - आज मेलामा अवलोकन गर्ने, सीप सिक्न चाहाने र रोजगारी खोज्ने लगायत सबै सहभागीहरु करिब ५ हजार ५ सय ५५ दर्ता भएका।
  - रियालन्स स्पिनिङ मिल्स लिमिटेडले रोजगारीका लागि अन्तर्वार्ता लिई ९ जना रोजगार खोजकर्ता छनौट गरेको ।
  - जिल्ला होटल तथा पर्यटन व्यवसाय संघ सुनसरीले रोजगारीका लागि अन्तर्वार्ता लिई २ जना रोजगार खोजकर्ता छनौट गरेको।
- **Short Term Skill Training**:
  - १० वटा विधा अन्तरगतका तालिममा कुल २०९ जना सहभागी भएको तथा सहभागी नभएको व्यक्तिको स्थानमा अन्य इच्छुक र उपस्थित व्यक्तिलाई प्राथमिकता दिई सहभागी हुने व्यवस्था गरिएको ।
  - **Open AI** तर्फ करिब १२९ जनाले तालिम लिएको ।
- **Miscellaneous (विविध):**
  - करिब ४ हजार ६ सय ७४ जनाले मेलाको सबै स्टलमा उपस्थित भई विभिन्न विषयमा जानकारी लिनु भएको ।
  - **jobfair.sharamsansar.gov.np** मार्फत हालसम्ममा कुल रोजगारदाताको सङ्ख्या ५०१, रोजगार खोजकर्ताको सङ्ख्या ५ हजार ८ सय ९८ जना, कूल प्रकाशित पदहरू ४४२ र कुल रिक्त पदहरू ६ हजार ३ सय ९८ रहेको।

हेमराज तामाङ

हेमराज तामाङ
सहसचिव/सीप तथा रोजगार मेला संयोजक

मिति २०८३ साल असोज १६ गते

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं. ०१-४२११८७७
टोल फ्री नं. १६६००१४०००४, श्रमाधान कल सेन्टर फोन ११४१, ईमेल admin@moless.gov.np वेब साइट www.moless.gov.np